परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्झनुहोस ।
सम्पर्क:
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940

❑ वर्ष ८ ❑ अंक ४ २०७६ श्रावन २६ गते आईतवार Sunday 11, Aug, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

कानून नै नबनी राष्ट्रिय परिचयपत्र वितरण कार्य रोक्न माग

विराटनगर । नेपाल सरकारले केही जिल्लाहरुमा वितरण गरि रहेको राष्ट्रिपरिचय पत्र कानुन नै नबनी वितरण भईरहेको कार्यलाई तत्काल रोक्न प्रतिपक्षीदल नेपाली कांग्रेसले माग गरेको छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसदहरु दिलेन्द्र प्रसाद बडु, अमरेश कुमार सिंह र देवेन्द्रराज काडेलले कानुन निर्माणका बारेमा संसदीय समितिमा छलफल भईरहेकै बेला सो परिचय पत्र विवरणको कामलाई जारी राखेकोमा आपत्ति जनाउँदै तत्काल स्थगित गर्न सरकारसँग जोडदार माग गरेका छन् ।

संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रवार बसेको बैठकमा 'राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरणको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथिको छलफलमा भाग लिदै कांग्रेस सांसद बडुले कानुन निर्माणको पाटोमा संसदीय समितिमा छलफल भईरहेकै बेला सो परिचय पत्र वितरण गरेर सरकारले गल्ती गरेको दावी गर्दै तत्काल स्थगित गर्न माग गरेका छन्

राष्ट्रिय परिचय पत्र छपाई पनि सार्वजनिक खरिद ऐन र प्रचलित कानुन विपरित रहेको दावी गर्दै त्यसबारे स्पष्ट पार्न पनि सरकारलाई बडुले सचेत गराउनु भयो । अर्बौंको बजेट खर्च गरेर सो परिचय पत्र छपाईको काम सरकारले सुरु गरेपनि सो सार्वजनिक खरिद ऐन र प्रचलित कानुन विपरित रहेकाले त्यसबारे सरकारले स्पष्टिकरण दिनुपर्ने कांग्रेस सांसद

बांकी अन्तिम पेजमा...

लागू औषधसहित तीन जना पक्राउ

विराटनगर । जिल्ला मोरङ सुनवर्सी नगरपालिका वडा नं.८ सिक्टी स्थित सिक्टी झपडतल भित्री सडक खण्डमा प्रहरी चाकी सिक्टीबाट प्रसनिको कमाण्डमा खटिएको गस्ती टोलीले श्रावन २२ गते लागु औषध सहित मानिसलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा दक्षिण बाट उत्तर तर्फ जादै गरेको को ५ प १५९८ नं. को मोटर साईकललाई चेकजाँच गर्ने क्रममा उक्त मोसामा सवार मिक्लाजुङ गाउँ पालिका वडा नं. ९ को गोविन्द प्रसाद भण्डारी, सोही मोसामा पछाडी सवार रतुवामाई नगरपालिका वडा नं. ५ घोपाबाध टोल दिपक पौडेललाईले लागु औषध सहित पक्राउ गरको हो ।

मोटरसाईकलको लेगार्डमा झुण्डाई ल्याएको झोला भित्र

अन्तिम पेजमा...

रकम ठगी गर्ने प्रहरीको फन्दामा

विराटनगर । वैदेशिक रोजगारीको लागि इजरायल पठाईदिने भन्दै पैसा ठगेको आरोपमा एकजना पक्राउ परेको छ । पक्राउ पर्नेमा मोरङको लेटाङ नगरपालिका-५ घर भइ हाल काठमाण्डौं स्थित टोखा नगरपालिकामा बस्दै आएका ५० वर्षीय कूलबहादुर लिम्बू रहेको छ ।

पक्राउ परेका लिम्बुले १४ जनालाई वैदेशिक रोजगारीको लागि प्रतिबन्धित मुलुक इजरायल पठाईदिने भन्दै १९ लाख ८० हजार रूपैयाँ ठगि गरेको थियो । पक्राउ परेको लिम्बुले सिन्धुपाल्चोकका ज्ञानबहादुर तामाङसँगको मिलेमतोमा आफन्त र छिमेकी गरि १४ जनालाई इजरायल पठाईदिने भन्दै पैसा ठगेका थिए ।

श्रम तथा रोजगार कार्यालय विराटनगरका वरिष्ठ श्रम अधिकृत प्रेम प्रसाद सञ्जेलले लिम्बुले १४ जनासँग प्रति व्यक्ति १ लाखदेखि २ लाख ८० हजार रुपैयाँसम्म ठगी गरेको बताए । ठगीमा पर्नेमा उनका भतिजा, भान्जादेखि छिमेकीसम्म रहेको उनको भनाइ छ ।

लिम्बुले लेटाङ-३ का हर्कबहादुर लिम्बू, लेटाङ-५ का

बांकी अन्तिम पेजमा...

खस्कदो स्थीतिलाई सुधार गर्न भर्ना अभियान

राकेश कर्ण

विराटनगर । बदलिंदो युगमा खस्किदो शैक्षिक स्थितीलाई सुधार गर्न विराटनगर स्थित महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसले भर्ना अभियान थालेको छ ।

विराटनगरको शैक्षिक धरोहरको रुपमा रहेको महेन्द्र मोरङ क्याम्पसको शैक्षिक पद्धतिको गुणस्तर सुनिश्चितता गर्न तथा नयाँ निजी शैक्षिक कार्यक्रमहरु बारे भर्खरै उच्च माध्यमिक तह उत्तीर्ण भएका विद्यार्थीहरूमा थप जानकारी प्रवाह गर्न क्याम्पसले उक्त भर्ना अभियान थालेको छ ।

नीजी शैक्षिक कार्यक्रमतर्फ विद्यार्थीको बढदो आकर्षणलाई मध्यनजर राख्दै क्याम्पसले हालसालै बीबीए, बीपीए, बीबीएम, बीसीए, बीएसडब्लु र एमपीए लगायतका जम्मा १० वटा निजी प्रोग्रामहरु भित्रयाएको छ । उक्त प्रोग्रामले गर्दा महेन्द्र मोरङ क्याम्पसमा तुलनात्मक रुपमा यस बर्ष निश्चित सिटभन्दा बढी विद्यार्थी भर्ना हुन आएका छन् ।

दश हजार विद्यार्थीहरु अध्ययन गरेको गौरवमय इतिहास बोकेको उक्त क्याम्पसको भौतिक संरचनाको सुधार, पठनपाठनको सुधार, सुचना प्रविधिमा सुधार गर्दै विद्यार्थीहरुमा गुणस्तरीय शिक्षा प्रवाह गर्न उक्त भर्ना अभियानले महत्त्वपूर्ण भुमिका निर्वाह गर्ने महेन्द्र मोरङ क्याम्पस अन्तर्गत व्यवस्थापन संकायको उप प्राध्यापक मोहन सुवेदीले जानकारी दिए ।

उनले भने शैक्षिक पद्धतिको गुणस्तर सुनिश्चित गर्ने योजनाको सन्दर्भमा ८ वटा सुधारका अभियानहरुलाई अगाडि सारेको बताउदै उक्त सुधारका अभियान अन्तर्गत भौतिक संरचनाको सुधारलाई क्याम्पसले पहिलो प्राथमिकता राख्दै नेपाल सरकार लगायत अन्य निकायहरुबाट वार्षिक १० करोड रुपैया लगानी गर्ने गरी ५ बर्षे योजना बनाईसकेको उप प्राध्यापक सुवेदीको भनाई छ ।

साथै उनले शिक्षकहरुको स्तरोन्नति र पठनपाठनको स्थितलाई सुदृढ बनाउने, शैक्षिक हिसाबकितावमा पारदर्शीता ल्याउने, शिक्षकहरुलाई जिम्मेवारी बोध गराउने र खोज अनुसन्धानमुलक शैक्षिकसत्र निर्माण गर्न क्याम्पस लागि परेको उनको भनाई छ । क्याम्पसका नयाँ कार्यक्रमहरुमा बढी चासो र नियमित कार्यक्रमहरुमा कम चासोको विषयलाई लिएर समय-समयमा क्याम्पस विवादित भईरहेको अवस्थामा छ ।

सोही सन्दर्भमा बोल्दै व्यवस्थापन संकायका उपप्राध्यापक सुवेदीले विगतमा यसका केही संकेतहरु देखिए पनि क्याम्पसले क्रमश : पछिल्लो २ वर्षमा नियमित कार्यक्रम अन्तर्गत रहेको बीबीएस र मानविकी तहको वेस्लै भर्ना अभियान सञ्चालन गरेर तुलनात्मक रुपमा बढी विद्यार्थीहरु भर्ना गराउन सफल भई विगतका ती आरोपहरुमा केही सत्यता भए पनि अब क्याम्पस सुधार उन्मुख भईसकेको बताए ।

त्यस्तै गुणस्तरीय शिक्षाबाट नै समाज र देश निर्माण हुने भएकाले नेपाल

बांकी अन्तिम पेजमा...

हर यूग...

येन बद्धो बली राजा दानवेन्द्रो महाबल : ।

तेन त्वां अभिबद्धनामि रक्षे मा चल मा चल ॥

इस मंत्र का भावार्थ है कि दानवों के महाबली राजा बलि जिससे बांधे गए थे, उसी से तुम्हें बांधता हूा हे रक्षे (रक्षासूत्र) तुम चलायमान न हो, चलायमान न हो ।

यम और यमुना

भाई और बहन के प्रतीक रक्षा बंधन से जुड़ी एक अन्य रोचक कहानी है, मृत्यु के देवता भगवान यम और यमुना नदी की। पौराणिक कथाओं के मुताबिक यमुना ने एक बार भगवान यम की कलाई पर धागा बांधा था। वह बहन के तौर पर भाई के प्रति अपने प्रेम का इजहार करना चाहती थी । भगवान यम इस बात से इतने प्रभावित हुए कि यमुना की सुरक्षा का वचन देने के साथ ही उन्होंने अमरता का वरदान भी दे दिया। साथ ही उन्होंने यह भी वचन दिया कि जो भाई अपनी बहन की मदद करेगा, उसे वह लंबी आयु का वरदान देंगे ।

श्री गणेश और संतोषी मां

भगवान गणेश के बेटे शुभ और लाभ एक बहन चाहते थे । तब भगवान गणेश ने यज्ञ वेदी से संतोषी मां का आह्वान किया । रक्षा बंधन, शुभ, लाभ और संतोषी मां के दिव्य रिश्ते की याद में भी मनाया जाता है । यह रक्षा विधान श्रावण मास की पूर्णिमा को प्रात : काल संपन्न किया गया था तब ही से रक्षा बंधन अस्तित्व में आया और श्रावण मास की पूर्णिमा को मनाया जाने लगा ।

कानून नै...

बडुको भनाई छ ।

सांसद अमरेशकुमार सिंहले कानुन विपरित राष्ट्रिय परिचय पत्र विवरणको कामलाई सरकारले जारी राखेकोमा आपत्ति जनाउनु भयो । उहाँले कानुन नै नबनाई कसरी राष्ट्रिय परिचय पत्र विवरण गरियो भनि सरकारलाई प्रश्न पनि गर्नु भयो ।

सांसद देवेन्द्रराज कांडेलले गृह मन्त्रालयले नागरिकता वितरणको काम र राष्ट्रिय परिचय पत्र वितरणको काममा 'केटाकेटीपन' देखाएको उल्लेख गर्दै आपत्ति जनाउनु भयो । उहाँले समितिमा विचाराधिन नागरिकता विधेयक र राष्ट्रिय परिचय पत्र विधेयक पारित गरेपछि राष्ट्रिय परिचय पत्र वितरणको कामलाई अघि बढाउन पनि सरकारलाई सचेत गराउनु भयो ।

बैठकमा समितिका सदस्य हरुले हालसम्म वितरण गरिएको राष्ट्रिय परिचय पत्रको कानुनी आधार बलियो नभएकाले यसलाई खारेज गर्न पनि सरकारलाई सचेत गराएका थिए ।

खस्कदो...

गणतन्त्रमा गई सकेको अवस्थामा सबै सरोकारवाला पक्षहरूमा एकता हुनुपर्ने व्यवस्थापन संकायका प्रोफेसर महेन्द्र नारायण यादवको ठहर छ । उनले अब प्राध्यापकहरुले भाषणको ठाउँमा कार्यान्वयन गर्दा मात्रै देश विकसित गर्ने खालको युवा जनशक्ति उत्पादन हुनसक्ने बताए । उनले युवाहरूमा राजनिति तर्फको बढ्दो आकर्षकलाई न्यूनीकरण गर्दै शिक्षा तर्फ आकर्षण बढाउन माथिल्लो निकायबाट सूक्ष्म अनुगमन हुनुपर्ने सुझाव दिए ।

उक्त भर्ना अभियान कार्यक्रममा महेन्द्र मोरङ क्याम्पसका विभिन्न क्रियाशील विद्यार्थी संगठनका प्रतिनिधिहरु ऋा-आफ्नो विचार राखेका थिए, भने उक्त भर्ना अभियान आगामी भदौ ११ गतेसम्म चल्नेछ ।

लागू...

कोरेक्स डिसी लागु औषध १ सय एमएलको ५ बोतल र पौरुष जीवन ८४ क्याप्सुल भएको ८ प्याकेट फेला पारिएको थियो ।

साथै जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं. ७ पूर्व बस स्टेन स्थित पूर्व पश्चिम राजमार्गमा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले श्रावन २३ गते चेकजाँच गर्दा लागु औषध सहित १ जना पक्राउ परेको छ ।

चेक जांच गर्ने क्रममा जिल्ला मोरङ पथरी शनिश्चरे नगरपालिका २ बस्ने वर्ष २६ को अनुज राईले चलाए को ३ प ६४८५ नं. को मोटर साईकललाई चेकजाँच गर्ने क्रममा लुकाई छिपाई ल्याउदै गरेको लागु औषध सहित पक्राउ गरेका हो ।

निजको साथबाट लुपिजेसिक १७, डाईजेपाम १७, प्रोमोजोन १९ एम्पुल गरी जम्मा ४३ एम्पुल सहित मानिस र माटरसाइकल नियन्त्रणमा लिई लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम कारवाही प्रक्रिया अगाडी बढाईएको छ । प्रहरीले जनाएको छ ।

लागू...

खड्गबहादुर सुब्बा, सोही ठाउँका रामबहादुर मगर, गोपाल चेम्जोङ, सजेन्द्र बोहरा, दुर्गा बोहरा, कृष्णबहादुर मगर, प्रदीप लिम्बू, जीतबहादुर राई, लेटाङ-६ का गंगाराम थापा, लेटाङ-८ की सपना राई, लेटाङ-९ का रुद्र लिम्बू, धनबहादुर लिम्बू र सुमन लिम्बूलाई ठगेका छन् । नातामा हर्क बहादुर, खड्गबहादुर र प्रदीप भतिजा एवं रुद्रबहादुर भान्जा हुन् ।

कूलबहादुरले २०७५ साल असार मसान्तसम्ममा सबै जनालाई पर्यटक भीषामा इजरायल पठाइसक्ने र पठाउन नसके तत्काल पैसा फिर्ता दिने भनेर कागज समेत गरेका छन् ।

गाडीको...

अनुसन्धान आगगाडी बढाएको छ ।

त्युसैगरी रुखले किची पैदल यात्रीको मृत्यु भएको छ । घटनाको विवरण अनुसार श्रावन २३ गते जिल्ला मोरङ कानेपोखरी गाउंपालिका वडा नं. ७ स्थित कानेपोखरी चोक देखि ५ सय मिटर दक्षिणमा चलेको हावा हुरीको कारणरुख लड्दा कानेपोखरी देखी रमाईलो तर्फ गईरहेकी पैदल यात्रीको मृत्यु भएको छ ।

मृत्युहुनेमा कानेपोखरी गाउंपालिका वडा नं. ७ आईतबारे बस्ने पदम भट्टराईको श्रीमती वर्ष ५१ की पार्वता भट्टराईलाई किची घाईते भई उपचारको लागी पथरी अस्पताल पथरी ल्याएकोमा उपचारको क्रममा निजको मृत्यु भएको र अन्य अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

छातीमा गाडीएको भाटो निकाल्न सफल

विराटनगर । रुखबाट लड्दा लक्ष्मीको छातीमा गाडिएर मुटुसम्म पुगेको बासको भाटो सफलतापूर्वक निकालेर नोबेल शिक्षण अस्पतालका डाक्टरले एक बिरामीको ज्यान बचाएको छ ।

मोरङको पथरीशनिश्चरे-१ मुन्धुम चौककी ३८ वर्षीया लक्ष्मी पोखेलको छातीमा गाडिएको बासको भाटो नोबेल अस्पतालका डाक्टरले शल्यक्रियाको माध्यमबाट सफलतापुर्वक निकालेको हो ।

आँप टिप्न रुखमा चढेका बेला हागो भाचिएर लड्दा उनी बाँसको चोकेमा परेपछि छातीमा गाडिएको बाँसको भाटो मुटुसम्म पुग्दा उनको अवस्था चिन्ताजनक भएको थियो । बेहोस अवस्थामा नोबेल ल्याईएकी लक्ष्मीलाई शल्यक्रिया गरी करिब १५ सेन्टिमिटर लामो बारसको चोके सफलतापूर्वक निकालिएको नोबेल अस्पतालका प्रोफेसर डा. काला सिंहले जानकारी गराउनु भयो ।

नोबेलका प्रोफेसर डा. सिंह नेतृत्वको चिकित्सक हरुको टोलीले सफलतापूर्वक अप्रेशन गरी घोचेको बांसको भाटो निकालेर लक्ष्मीको ज्यान बचाउन सफल भएको हो । गाँभिर अवस्थामा पुगेकी लक्ष्मीलाई बचाउँन नसकिने डरले आफन्तले हरेश खाईसकेका थिए ।

अप्रेशन सफल भएपछि बिरामी र बिरामीका आफन्त हर्षित छन् । मृत्युको मुखमा पुगेकी श्रीमतिलाई नोबेलले बचाएको भन्दै श्रीमान अर्जुन पोखेलले खुशी व्यक्त गरको छ ।

अप्रेशन सफल भएपछि अहिले उनी निको भएर अस्पतालबाट डिस्चार्ज भई घर फर्कि सकेको छ । नोबेलले यसअघि पनि यस्ता जटिल अप्रेशन सफलतापूर्वक गरेर धेरै बिरामीको ज्यान बचाएको छ ।

मोरंगमा आगलागीबाट लाखौंको क्षति

विराटनगर । जिल्ला मोरङ लेटाङ नगर पालिका वडा नं ६ घुम्ति स्थित मेस बहादुर वि. क. को काठको भान्सा घरबाट अचानक बिधुत सट भई आगलागि हुंदा पचासलाख बराबरको क्षति भएको छ ।

भान्सा घरमा लागेको आगोले, सोही ठाउं बस्ने ठोल प्रसाद मगरको काठको दुई तले घर र भक्त बहादुर राईको दुई तले घर र घरभित्र रहेको लत्ता-कपडा अन्नपात कागज पत्र भाडाबर्तन काठपात गरि अन्दाजी मुल्य ५० लाख बराबरको क्षेति भएको छ ।

मानविय तथा चौपाया क्षती नभएको उक्त आगलागी स्थानिय, नेपाल प्रहरी, नेपाली सेना, वारुणयन्त्र समेतको सहयोगमा नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी जिल्ला मोरङ ग्रामथान गापा वडा नं. १ बस्ने बिहिरा माझीको फुसको घरमा अकस्मात आगलागी हुंदा उक्त आगलागीबाट धान ३५ मन, चामल २ सय किलो, लत्ताकपडा, सोलारको थान-१ र फर्निचरको सामानहरु जली घर पूर्ण रुपमा नष्ट भएको छ ।

उक्त आगलागीबाट अन्दाजी मुल्य रु.१ लाख ८० हजार बराबरको क्षति भएको उक्त आगलागी नेपाल प्रहरी, स्थानीय मानिसहरुको सहयोगमा पूर्ण रुपमा नियन्त्रणमा लिएको, मानविय चौपाय क्षति नभएको प्रहरीले जनाएको छ ।

बेटा-बेटी दोनो के स्कूल पठाव दहेज प्रथा के अन्त कर ।

बेटावेटीमे भेदभाव नै कैरके दोनो के स्कुल पठाऔं ।

"खुलेर बोलौं विभेद रोकौं"
"महिला हिंसा विरुद्ध शुन्य सहिष्णुता कायम गरौं"
"दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं"

नेपाल सरकार
सुचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार
९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

सम्पादकीय

सार्वजनिक सुनवाई र संचार माध्यम

नेपालमा सार्वजनिक सुनवाई गर्ने प्रचालन चलि आएको छ। सरकारी तथा गैर सरकारी कर्यालयलहरु सार्वजनिक सुनुवाई गरी आफ्नो प्रगती विवरण अर्थात सालभरी गरेको क्रियाकलाको फेरिस्त बाचन गरी सुनाउने गरीन्छ। ती गरिएको क्रियाकलाहरुको वारेमा आम जनताको गुनासो सुन्ने, जनतावाट आएको सुझाव संकलन गर्ने, आफुले गरेको विकास निर्माणकार्यमा भई रहेको ढिला सुस्तीको वारेमा खुलेर जनताहरु बोल्न पाउने कार्यक्रमलाई सार्वजनिक सुनवाई भनिन्छ। सार्वजनिक सुनवाईका लागि स्थानीय तहहरुले वजेट समेत छुट्याएको हुन्छ। त्यो बजेट भनेको सार्वजनिक सुनवाई गर्दा लगाउने टण्ड, खाजा, साउण्ड सिस्टम, सम्मान लगायतकार्यमा खर्च गर्दछन्। यी सर्वजनिक सुनवाईलाई व्यापक प्रचार प्रसारको लागि स्थानीय तहले लाखौ खर्च गरी टेलिभिजन, एफएम, पत्रपत्रिकामा प्रकाशन प्रसारण गरी लोकप्रियता हासिल गरी रहेका छन्।

सार्वजनिक सुनवाई गर्दा स्थानीय तहले चलाकिपनि गर्ने गरेको गुनासो पनि आइ रहेको छ। सार्वजनिक सुनवाई गर्दा स्थानीय तहको पदाधिकारीहरुले आफ्नो प्यानलको कार्यकर्तालाई मात्र कार्यत्रममा सहभागी गराउने विरोध गर्नेलाई जानकारी नदिने, सुटुक्क जनताको नजर छलि कार्यक्रम गर्ने, जसले गर्दा वास्तवीक समस्याहरु सार्वजनिक सुनवाईमा आनउ सक्दैन। अर्को पक्ष सार्वजनिक सुनवाई कार्यक्रमलाई संचार माध्यममा प्रकाशन प्रसारण गरे वापत रकम तिर्ने भएकोले संचार माध्यमहरु पनि प्रलोभनमा परी सार्वजनिक सुनवाईमा आएको वास्तविकतालाई छाडेर राम्रा कुराहरुलाई मात्र आम जनतालाई देखाई दिने गरेका छन्। संचार माध्महरुले पनि आर्थिक प्रलोभनमा परेको हुन्छ भने सार्वजनिक सुनवाई गर्ने संस्थाको पक्षमा वाध्य भई कार्यक्रम वनाउनु पर्दछ।

संचार माध्यम र सार्वजनिक सुनवाई गर्ने स्थानीय तहमा देखिएको यस्ता प्रवृतिका कारण झन-झन विकास निर्माण कार्यहरु लथालिग भई रहेको छ। दुवैपक्षको व्यक्तिगत लोभका कारण समाजका वास्तविक छवि सार्वजनिक सुनवाईमा आउंदैनन्। त्यसैले यस्ता विकृतीलाई रोक्न आम नेपाली जनता सचेत हुन आवश्यक छ। अन्यथा सार्वजनिक सुनवाईका नाममा लाखौ खर्च गर्ने तर त्यसको उपलब्धी न्यून भएकोले सार्वजनिक सुनवाईलाई उपलब्धी मुलक वनाउन सवैपक्ष ध्यान दिन आवश्यक छ। अन्यथा सार्वजनिक सुनवाकै नाममा लाखौ खर्च गरी झन-झन भ्रष्टार मौलाउने काम मात्र हुन्छ।

साप्ताहिक राशिफल

मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)भाग्यले राम्रो साथ दिनाले आँटेको काममा सफलता प्राप्त हुने देखिन्छ। सामाजिक काममा मान सम्मान समेत मिल्ने योग छ।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) :आफन्त जनहरुसंग सुखद भेटघाट हुने। योग रहेको छ। परिवारमा राम्रो वतावरणको माहोल आउनुका साथै सन्तान सुख मिल्ने छ।

मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह) :बोलीको योग लाग्ने रहेकाले होस पुऱ्याएर बोल्नुहोला। सामान्य वादविवाद एवं शत्रु वाधा देखिए तापनि जित तपाईकै हुनेछ।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) : पारिवारिक सुख शान्ति प्राप्त हुनुका साथै भ्रमणको अवसर प्राप्त हुने प्रवल संम्भावना भएकोले विचार पुऱ्याई यात्रा गर्नु होला।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) : बालीको प्रभावले महत्वपूर्ण काममा समेत सफलता प्राप्तम हुने छ। स्वास्थ्यमा भने सामान्य अस्वस्थता आई पर्ने देखिन्छ।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) :बौद्धिक तथा धार्मिक कार्यक्रमहरुमा सहभागिता जनाउनु पर्ने छ। अध्ययन अध्यापनको क्षेत्रमा राम्रो अभिरुभि उत्पन्न हुने छ।

तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते):काममा प्रशस्त समस्या आइपर तापनि धैर्यको वाँध नटुट्नाले सफलता तपापईको हातमा हुनेछ। स्त्रीवर्ग बाट सहयोग मिल्ने छ

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू):आर्थिक हानिनोक्सानी एवं खर्च बृद्धि हुने छ। शाररिक रुपमा सामान्य अस्वस्गथता एवं मानसिक चिन्ताको समेत योग रहेको छ।

धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे): खानपिनका परिकार प्राप्त होलान्। इष्टमित्रहरुसँग भेटघाट हुनेर नयाँ कामको लागि पहल गर्ने समय छ।

मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी): परिवारको चिन्ताले सताउनुका साथै सानो तिनो वादविवाद समेत आई पर्ने छ। मनोरञ्न एवम विलासितामा अध्याधिक खर्च हुने छ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): स्वास्थ्यमा सामान्य समस्या आई पर्न सक्छ। विचार पुऱ्याउनुहोला। खर्च बढ्ने तथा आन्दानीका स्रोतहरु मिल्नुका साथै सुख प्राप्तीको योग छ।

मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)::वादविवादमा विजय मिल्ने छ। भने शत्रुहरु परास्त हुनेछन। भ्रमण एवम साथीहरुवाट मन पर्ने उपहार समेत प्राप्त होला।

महिला र पुरुषको सुखको परिभाषा बदलौं

बबिता थापा

आधाभन्दा बढी आकास ढाकेका महिला सुखी हुनुले नै समग्र परिवार र समाजको स्थिति जाहेर गर्छ। समय-समयमा मनाइने महिला दिवस, उत्सवहरुको उद्देश्य महिलाहरु अधिकारवाट वञ्चित नहुन, खुशी र सुखी बनुन् भन्ने नै हो।

सन् २०१८ मा प्रकाशित राष्ट्र संघको एक प्रतिवेदनले सुखी हुनलाई आम्दानी, सामाजिक सहयोग, स्वस्थ्य जीवन, स्वतन्त्र छनोट, भष्टाचारको स्थितिलाई आधार मान्दा नेपाल १५६ देशमध्ये १०१ औं स्थानमा ४.८६ अंकसहित परेको देखाएको छ।

तर, कुनै पनि व्यक्ति सुखी र खुशी हुन केलाई आधार मान्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ। यसको परिभाषा समय, सामाजिक परिवेश र बनावटले पनि निर्धारण गर्छ। हाम्रो सामाजिक परिवेशमा महिला र पुरुषको सुखी हुनुको परिभाषा बेग्लै छ।

उनी कति भाग्यमानी रानीजसरी पालेको छ लोग्नेले, कुनैकुराको कमी छैन, पुगीसरी आएको छ। हजुरआमा, आमा, ठूलीआमा, माइज्यू, काकी, सानीआमा, फुपू आदिको त्यो आवाज बारम्बार कानमा गुञ्जने पनि थुप्रै होलान्।

यहाँ हजुरआमा र अन्य यी प्रतिनिधिपात्र मात्र हुन, जसले समाजमा चली आएको भनी राम्रा-नराम्रा कुराको वकालत गर्छन, संस्कार र कुसंस्कारलाई थामिरहेका छन्। तर, कति पात्र भने चलनचल्तीका परिभाषादेखि विमुख छन्। रानी, महारानी, बडामहारानी हुनु, बनाइनुमा सायद हजुरआामा, आमा र आम नेपाली महिलाका परिभाषा हुन्। यस्ता भनाइहरु सुन्दै, हुर्कंदै आएका मध्ये कोही-कोहीको आफ्नै बेग्लै परिभाषा पनि होलान्।

सायद समाजले देखेको नारी सुखभित्र नै रमाएकी छ कि छैन भन्ने हो। एउटी नारी विवाह अनि बच्चाबच्चीको जन्मपछि आफ्नो खुशी नै सन्तानको खुशी हो भनेर रमाउन, सुखी हुन खोज्छिन्। उनलाई आफ्ना आमाबाबु, परिवार र समाजले पनि त्यसरी नै सुखी हुनुपर्छ भनी अर्थ्याएको हुन्छ। उनी दत्तचित्त भै सेवा नै परम धर्म भन्दै जीवन सुम्पिन्छन्।

सायद श्रीमतीले यसरी लालावाला, घर सम्हालेका पुरुषहरु सुखी पुरुषको परिभाषामा समाजमा अटाउाछन्। नत्र दुःखी पुरुष हुन पुग्छन्। प्राय : घरमा माखो मार्नु नपरेको, छोराछोरी र आमाबाबुको हेरचाहमा खटिनु नपरेको, पाहुना पासा, चाडपर्व श्रीमतीले संगालिदिएका सबै पुरुषहरु सुखी पुरुषको परिभाषामा समाजमा पर्छन्।

हजुरआमा, आमा वा परिवारका अन्य महिलाकाको नजरले हेर्ने हो भने हरेक क्षेत्रमा छोराछोरी र घर परिवारको अहोरात्र सेवा गरी हुर्काउने बढाउने, मिले अलिअलि घरखर्च र आफ्नो पकेट खर्चको जोहो आफैं गर्ने, सामाजिक सञ्जालमा सुखी परिवारको तस्वीर पोष्टिने नारी सुखी नारी हुन्।

उहिले सुखी देखाउन कि त प्रत्यक्ष आाखाले देख्नुपर्ने, कि त देखेकाले भन्नुपर्ने। अहिले शहरिया परिवेशमा यो सजिलो छ। निधारको टीकादेखि पैतालाको जुत्तासम्म श्रीमान-श्रीमतीले रंग मिलाई लगाउने, फोटो खिच्ने, अनि सामाजिक सञ्जालमा पोष्टिने। देख्नेजत्तिले लाइक ठोक्ने, जसले धेरै लाइक पायो, उसैको परिवार सुखी भएको ढोल पिटिने।

एकातिर सात समुन्द्र पारिदेखि सामाजिक सञ्जालमा आउने ती फोटोपिच्छे रंगीचंगी लुगामा डिञ्च्च गरेका अनुहारले उनको सुख परिभाषित गरिरहेको हुन्छ भने अर्कातिर उतै हान्निन पाए सुखी हुन्थें भनी लोभिने महिलाको जमात यता खडा हुन्छ।

त्यतिमात्र होइन, देशभित्रै पनि घरको ढोकादेखि नै सुनका गहना र महंगा लुगा लगाएका तस्वीर सामाजिक सञ्जालमा पोष्टिन आतुर भई सुखी देखिन होडले कतिपय नारीलाई पिरोलेको हुन्छ।

हुन त डिञ्च्च हाँस्नु र मनदेखि हाास्नु फरक कुरा हो। तर, पनि सामाजिक सञ्जालमा आज सुखी छु भनी देखाउने गतिलो माध्यम बनेको छ, हात्तीका दुईटा दातझैं ढोंगीको जमघट बनेको छ। सामाजिक सञ्जालमा फोटो पोष्टिन नपाउने हो भने पनि कैयौंका दिनचर्या पनि बदलिादो हो।

पदोन्नति भएर भेट्न आउने जोडीलाई दङ्ग पर्ने, हत्तपत्त टीका, माला लगाई आशिष दिइहाल्ने चलन छ। राजासरह हुनु, अझै प्रगति गर्नु, भगवान दाहिने हुन् इत्यादि भनी आशिष बढुवा हुने श्रीमानलाई एकातिर दिने, अनि अर्कातर श्रीमतीलाई 'सहनशीला बन्नु, सुशिला बन्नु, पृथ्वीजस्तै भई घर धान्नु, श्रीमानको सुखमा रमाउनु इत्यादि।

हुन पनि हो, अघिल्लो पुस्तालाई उहाँहरुका बुबाआमाले त्यही सिकाए। जे सिकाए, त्यही जाने। समाजमा पनि श्रीमानको बढुवासागै श्रीमतीहरुलाई माला लगाई वधाई दिने चलन व्यापक छ। एक हिसावले ठीकै हो, श्रीमानको प्रगतिमा श्रीमतीको पनि गतिलै सहयोग हुन्छ। तर, परिवार बाहेक तिनले समग्र समाजलाई योगदान दिई समग्र समाजको हितमा होमिन र आत्मसम्मानको जीन्दगी जीउन सिकाउनु उचित हुन्छ। हिजोलाई भुलेर आजको आवश्यकता पनि हो यो।

घरपालुवा वस्तुभाउलाई झैं लोग्नेले बचन लगाउँदै दानापानीको व्यवस्था गर्दिएको छु भनी अहम पोखेको देखिन्छ। सायद, जागिरे नारीहरुले त्यो सुन्नुपर्दैन, आफ्नो खुट्टामा उभिएका जागिरे नारी सुखी हुन्। तर, भनिन्छ, फलानोकी छोरीले पढेर दुःख पाई। जागिरमा लखतरान परेर आउाछे, घरको सब काम गर्नुपरेको छ। तर, हेर फलानाकी छोरी खासै पढेकी छैन, जागिरे पनि छैन, तर, कति भाग्यमानी कत्रो ठाट छ फेरि, एकचोटि घोत्लिन बाध्य हुनुपर्छ। कतिले श्रीमतीलाई सुनको पिजडाका सुगा बनाई, बाहिर रासलीला गरेको देखिन्छ।

नारीको सुखका विषयमा मतान्तरण हुन्छ। सुखी नारीका विषयमा भित्रै पनि द्वन्द्व छ। कितावमा लेखिएको र हामी हुर्किएको समाजको परिभाषावीच

वांकी ५ पेजमा...

केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

हिमत तरंग

रक्षाबंधन : क्या कहता है इतिहास

बहना ने भाई की कलाई से प्यार बाँधा है, प्यार के दो तार से संसार बाँधा है... सुमन कल्याणपुर द्वारा गाया गया यह गाना रक्षाबंधन का बेहद चर्चित गाना है। भले ही ये गाना बहुत पुराना न हो पर भाई की कलाई पर राखी बाँधने का सिलसिला बेहद प्राचीन है। रक्षाबंधन का इतिहास सिंधु घाटी की सभ्यता से जुड़ा हुआ है। वह भी तब जब आर्य समाज में सभ्यता की रचना की शुरुआत मात्र हुई थी।

रक्षाबंधन पर्व पर जहाँ बहनों को भाइयों की कलाई में रक्षा का धागा बाँधने का बेसब्री से इंतजार है, वहीं दूर-दराज बसे भाइयों को भी इस बात का इंतजार है कि उनकी बहना उन्हें राखी भेजे। उन भाइयों को निराश होने की जरूरत नहीं है, जिनकी अपनी सगी बहन नहीं है, क्योंकि मुँहबोली बहनों से राखी बंधवाने की परंपरा भी काफी पुरानी है।

असल में रक्षाबंधन की परंपरा ही उन बहनों ने डाली थी जो सगी नहीं थीं। भले ही उन बहनों ने अपने संरक्षण के लिए ही इस पर्व की शुरुआत क्यों न की हो लेकिन उसी बदौलत आज भी इस त्योहार की मान्यता बरकरार है। इतिहास के पन्नों को देखें तो इस त्योहार की शुरुआत की उत्पत्ति लगभग ६ हजार साल पहले बताई गई है। इसके कई साक्ष्य भी इतिहास के पन्नों में दर्ज है।

इतिहास के पन्नों से...

रक्षाबंधन की शुरुआत का सबसे पहला साक्ष्य रानी कर्णावती व सम्राट हुमायूँ हैं। मध्यकालीन युग में राजपूत व मुस्लिमों के बीच संघर्ष चल रहा था। रानी कर्णावती चित्तौड़ के राजा की विधवा थीं। उस दौरान गुजरात के सुल्तान बहादुर शाह से अपनी और अपनी प्रजा की सुरक्षा का कोई रास्ता न निकलता देख रानी ने हुमायूँ को राखी भेजी थी। तब हुमायूँ ने उनकी रक्षा कर उन्हें बहन का दर्जा दिया था।

दूसरा उदाहरण अलेक्जेंडर व पुरू के बीच का माना जाता है। कहा जाता है कि हमेशा विजयी रहने वाला अलेक्जेंडर भारतीय राजा पुरू की प्रखरता से काफी विचलित हुआ। इससे अलेक्जेंडर की पत्नी काफी तनाव में आ गई थीं।

उसने रक्षाबंधन के त्योहार के बारे में सुना था। सो, उन्होंने भारतीय राजा पुरू को राखी भेजी। तब जाकर युद्ध की स्थिति समाप्त हुई थी। क्योंकि भारतीय राजा पुरू ने अलेक्जेंडर की पत्नी को बहन मान लिया था।

इतिहास का एक अन्य उदाहरण कृष्ण व द्रोपदी को माना जाता है। कृष्ण भगवान ने दुष्ट राजा शिशुपाल को मारा था। युद्ध के दौरान कृष्ण के बाएँ हाथ की आगुली से खून बह रहा था। इसे देखकर द्रोपदी बेहद दुखी हुई और उन्होंने अपनी साडी का टुकड़ा चीरकर कृष्ण की आगुली में बाँधा जिससे उनका खून बहना बंद हो गया।

तभी से कृष्ण ने द्रोपदी को अपनी बहन स्वीकार कर लिया था। वर्षों बाद जब पांडव द्रोपदी को जुए में हार गए थे और भरी सभा में उनका चीरहरण हो रहा था तब कृष्ण ने द्रोपदी की लाज बचाई थी।

हर युग में भाई ने निभाया है बहन को दिया वचन

रक्षा बंधन भाई-बहन के प्यार का त्योहार है, एक मामूली सा धागा जब भाई की कलाई पर बंधता है, तो भाई भी अपनी बहन की रक्षा के लिए अपनी जान न्योछावर करने को तैयार हो जाता है।

क्या आप जानते हैं

कि रक्षाबंधन का इतिहास काफी पुराना है, जो सिंधु घाटी की सभ्यता से जुड़ा हुआ है। असल में रक्षाबंधन की परंपरा उन बहनों ने डाली थी जो सगी नहीं थीं, भले ही उन बहनों ने अपने संरक्षण के लिए ही इस पर्व की शुरुआत क्यों न की हो, लेकिन उसकी बदौलत आज भी इस त्योहार की मान्यता बरकरार है।

इतिहास के पन्नों को देखें तो इस त्योहार की शुरुआत ६ हजार साल पहले माना जाता है। इसके कई साक्ष्य भी इतिहास के पन्नों में दर्ज हैं। रक्षाबंधन की शुरुआत का साक्ष्य रानी कर्णावती और सम्राट हुमायूं का है।

रानी कर्णावती और सम्राट हुमायूं

मध्यकालीन युग में राजपूत और मुस्लिमों के बीच संघर्ष चल रहा था, तब चित्तौड के राजा की विधवा रानी कर्णावती ने गुजरात के सुल्तान बहादुर शाह से अपनी और अपनी प्रजा की सुरक्षा का कोई रास्ता न निकलता देख हुमायूं को राखी भेजी थी। तब हुमायूं ने उनकी रक्षा कर उन्हें बहन का दर्जा दिया था।

सिकंदर व पोरस

सिकंदर की पत्नी ने अपने पति के हिंदू शत्रु पुरू को राखी बांध कर अपना मुंहबोला भाई बनाया और युद्ध के समय सिकंदर को न मारने का वचन लिया। पुरू ने युद्ध के दौरान हाथ में बंधी राखी का और अपनी बहन को दिए हुए वचन का सम्मान करते हुए सिकंदर को जीवनदान दिया।

सिकंदर व पोरस ने युद्ध से पूर्व रक्षा-सूत्र की अदला।बदली की थी। युद्ध के दौरान पोरस ने जब सिकंदर पर घातक प्रहार हेतु अपना हाथ उठाया तो रक्षा-सूत्र को देखकर उसके हाथ रुक गए और वह बंदी बना लिया गया। सिकंदर ने भी पोरस के रक्षा-सूत्र की लाज रखते हुए और एक योद्धा की तरह व्यवहार करते हुए उसका राज्य वापस लौटा दिया।

निजाम रानी और मोहम्मद

गिन्नौरगढ के निजाम शाह गोंड के रिश्तेदार आलम शाह ने उन्हें एक षड्यंत्र के तहत जहर देकर मार डाला था। निजाम रानी कमलापति गोंड ने अपने पति की मौत का बदला लेने और अपनी रियासत को बचाने के लिए सरदार दोस्त मोहम्मद खान को राखी भेजकर मदद की गुजारिश की।

दोस्त मोहम्मद खान ने रानी के रियासत की रक्षा की। रानी ने अपने भाई दोस्त मोहम्मद के प्रति कृतज्ञता जाहिर करते हुए छ्ण हजार की राशि और २ हजार की जनसंख्या वाला एक छोटा-सा गांव भेंट किया। दोस्त मोहम्मद खां ने १७२२ में भोपाल रियासत की नींव डाली और इस इलाके की बर्रूक झाडियों को काट-काट भोपाल रियासत को बसाना शुरू किया।

इस तरह भोपाली "बर्रूककाट भोपाली" कहलाए। सन १७२३ ईस्वी में रानी कमलापति की मृत्यु के बाद दोस्त मोहम्मद ने गिन्नौर गढ को भी अपनी सल्तनत में शामिल कर लिया।

कृष्ण और द्रोपदी

एक उदाहरण कृष्ण और द्रोपदी का माना जाता है। कृष्ण भगवान ने

राजा शिशुपाल को मारा था। युद्ध के दौरान कृष्ण के बाएं हाथ की उंगली से खून बह रहा था, इसे देखकर द्रोपदी बेहद दुखी हुई और उन्होंने अपनी साड़ी का टुकड़ा चीरकर कृष्ण की उंगली में बांध दी, जिससे उनका खून बहना बंद हो गया। कहा जाता है तभी से कृष्ण ने द्रोपदी को अपनी बहन स्वीकार कर लिया था। सालों के बाद जब पांडव द्रोपदी को जुए में हार गए थे और भरी सभा में उनका चीरहरण हो रहा था, तब कृष्ण ने द्रोपदी की लाज बचाई थी।

इंद्राणी एवं इंद्र

और पीछे चलें तो भविष्य पुराण की एक कथा के अनुसार एक बार देवता और दैत्यों (दानवों) में १२ वर्षों तक युद्ध हुआ परन्तु देवता विजयी नहीं हुए। इंद्र हार के भय से दुःखी होकर देवगुरु बृहस्पति के पास विमर्श हेतु गए। गुरु बृहस्पति के सुझाव पर इंद्र की पत्नी महारानी शची ने श्रावण शुक्ल पूर्णिमा के दिन विधि-विधान से व्रत करके रक्षासूत्र तैयार किए और स्वस्तिवाचन के साथ ब्राह्मण की उपस्थिति में इंद्राणी ने वह सूत्र इंद्र की दाहिनी कलाई में बांधा। जिसके फलस्वरुप इद्र सहित समस्त देवताओं की दानवों पर विजय हुई।

रक्षा विधान के समय निम्न लिखित मंत्रोच्चार किया गया था जिसका आज भी विधिवत पालन किया जाता है।

बांकी अन्तिम पेजमा...

मगही भाषा

मगही भाषा के गीत

१४

दइया मालिन लगावे फूलवाडी सरबगुन आगर हो।
मचिया बयठल हथिन सासु उहवे से पूछे -
बबुआ कहहूँ बवने कारन बबुआ बडा सुन्नर हो।
कातिक मासे नहइली, कातिक छठ कयली।
मन से कयली एतवार ललनवाँ बडा सन्नर हो।
चउका बयठल हथिन बहिन, उहवें से पूछे -
कउने फल खयलऽ ललनवाँ बडा सुन्नर हो।
खयली किसमिस-छुहेडा, अउरो बेदाम खयली।
आउ फोरि-फोरि खयली नरियरवा, ललनवाँ बडा
सननर हो।
ललनवाँ बडा सन्नर हो।
दइया मालिन लगावे फुलवाडी सरबगुन आगर हो।

१५

महलो मे जच्चा रानी दरदे बेआकूल, होरिलवा के पापा
हम न कोई के बोलयबो।
सासु जे अइहें दवता मनइहें, देवता मनाई नेग मांगिहें,
होरिलवा के पापा.....।
न नेग मिलिहें, रिसाय चली जइहें, मनावे न जयबो तो
लोग सब हँसिहे।
होरिलवा के पापा हम न कोई के बोलयबो।
ननदी जे अइहें काजर पारन के, कजरा पराई नेग
मांगिहें, होरिलवा के पापा...।
कजरा परइया न नेग मिलिहें, रिसाय चली जइहें, होरि
लवा के पापा...।
म्नावे न जयबो तो लोग हँसिहें, होरिलवा के पापा हम
न कोई के बोलयबो।

१६

मंचियचा बइठले कोरिला रानी, मेघवा से अरज करे हो
?
ल्लना मत बरसऽ केदली के बनवाँ तो राम- लछुमन
बन गेलन हो।
केई जे भीजले बेलतर, केई बबुर तर हो।
ललना सिता-सुन्दर भीजले सीरीसतर, ओहि केदली
बनावाँ हो।
केकरा के भीजले पगडिया तो केकरा के जोडवा भीजे
हो।
ललना केकरा कें भीजल चुनरिया तो राम-लछुमन बन
गेलन हो।
राम के भींजले पगडिया तो लछुमन के जोडवा भीजे हो।
ल्लना सीता सुन्दर भींजले चुनरिया तो राम लछुमन बन
गेलन हो।

भरत प्रसाद महतो

नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔंक ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौंक ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौंक ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग वहिस्कार गरौंक ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौंक ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौंक ।
- वसोवास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौक ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौंक ।
- वालवालिकालाई काममा हैन विद्यालय पठाऔंक ।
- वालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं वालश्रम शोषण मुक्त नगरको स्थापना गरौंक ।
- सार्वजनिक स्थलमा जतातै फोहरमैला नफालौंक ।
- आफ्नो घर वरपर विरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौं
- उपभोक्ता आचारसंहिताको पालना गरौंक ।

सुनवर्सी नगर पालिकाका कार्यालय मोरंग

एकताको लागि सत्ता बाधक होईन

राकेश मिश्र

राजपा र समाजवादी पार्टी बीच एकीकरणका दुवै पाटीका शीर्ष नेतृत्व तहमा बैठक जारी छ । मधेशको मुद्दालाई प्राथमिकताका साथ राष्ट्रिय स्तरमा उठान गरी विभेदमुक्त बनाउने कुरामा दुवै दल एकमत छन् । त्यसैले, यी दुवै दलबीच सहमति, सहकार्य वा एकीकरण नै भए राम्रो हुने मधेशका जनताको म्यान्डेड रहादै आएको छ । त्यसैलाई मध्यनजर गरी एकीकरणको बैठक निरन्तर चलिरहेको छ । यी दुवै शक्तिबीच एकीकरण हुनुपर्छ भन्ने कुरामा सैद्धान्तिक सहमति पनि छ । तर, नेतृत्ववर्गको समायोजन कसरी गर्ने, स्थानीयदेखि केन्द्रीय तहसम्मका नेता कार्यकता हरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरामा छलफल भइरहेको छ । विभिन्न मोडालिटीमा छलफल जारी छ । त्यसैले एकीकरण हुने प्रवल सम्भावना छ र हुनुपर्छ ।

वस्तुत : एकीकरणलाई मधेश आन्दोलनको भावनासाग जोडेर पनि हेरिनुपर्छ । मधेश आन्दोलनको म्यान्डेट नै थियो कि मधेशकेन्द्रित सम्पूर्ण शक्तिहरू एक ठाउमा आएर एउटा ठोस, बलियो र शक्तिशाली पार्टी बनोस् । आम मधेशी जनताको चाहना र अपेक्षा यही रहादै आएको छ । त्यो हिसावले गत निर्वाचनमा हाम्रो गठबन्धन पनि बन्यो र त्यसको सफलताअनुरूप हामीले प्रदेश २ मा अहिले सरकार सञ्चालन गरिरहेका छौं । यो राज्य विभेदकारी हो, राज्यले विभिन्न बहानामा मधेश र संघीयतामाथि प्रहार गर्दै आइरहेको छ । यो प्रहारको प्रतिकार गर्न, संघीयताको सफल कार्यान्वयन र विभेदमुक्त नेपाल निर्माणका लागि बलियो राजनीतिक शक्तिको आवश्यक्ता महसुस भएकोले एकता अपरिहार्य छ ।

मूलरूपमा जनताको म्यान्डेट एकीकरण नै हो । सागसागै पहाडका आदिवासी जनजाति तथा उत्पीडित वर्गहरूसाग पनि हामीले एकता गर्दै आएका छौं । विभेदका विरुद्ध संघर्ष गर्दै आएका सम्पूर्ण शक्ति चाहे त्यो पहाडका होस् या मधेशका होस्, एकीकृत भएर समतामूलक समाजको स्थापना होस् भन्ने दिशामा राजपा र समाजवादी पार्टी अगाडि बढिरहेको छ । यही सोचको उपज अहिले दुवै पार्टीबीच एकीकरणलाई अन्तिम निष्कर्षमा पुऱ्याउनका लागि गहन छलफल भइरहेको छ । हाम्रो मूल लडाई समानतामूलक समाज स्थापना, विभेदको अन्त्य र विशेषगरी समानुपातिक समावेशिताको सिद्धान्तलाई लागू गराउनकै लागि हो ।

एकीकरणका विषयमा अहिले विभिन्न प्रकारका मोडलहरूबारे छलफल भइरहेको छ । हाम्रा नेतृत्वहरूको व्यवस्थापन कसरी हुने, सबै नेता कार्यकर्ताहरूलाई कसरी समाहित गर्ने, भावना र राजनीतिक एकता कसरी गर्ने भन्नेमा गहन छलफल भइरहेको छ । भावनागतरूपमा अहिले मधेश एकीकृत छन् र राजनीतिकरूपमा एकीकृत हुन केही समय लाग्छ । आगामी दिनमा कसरी पार्टीलाई सञ्चालन गर्ने, कसले कुन जिम्मेवारी पाउने त्यस विषयमा विभिन्न थरिका मोडेलहरूमा घनिभूत बहस भइरहेको छ । जुन उपयुक्त र सबैलाई मन पर्छ त्यो मोडेलअनुसार नै राजपा र समाजवादी पार्टीबीच एकीकरण हुने हो ।

दुवै पार्टीबीच एकता भइसकेपछि महाधिवेशन नहुञ्जेलसम्म विभिन्न पदहरू सिर्जना गरेर, कामको बाडफाड गरेर जिम्मेवारी तोकिनेछ । महाधिवेशनपछि एकल नेतृत्वमा पार्टी जानेछ । हाम्रा सम्मानित नेताहरूको कार्य विभाजनमा सम्मानित स्थान रहिरहोस् भन्नेमा छलफल र बहस भइरहेको छ ।

सत्ता एकताका लागि बाधक होइन । किनभने एउटा विपक्षी दल र अर्को सत्ता साझेदार दलबीच एकीकरण हुदा दुवै समानान्तर आउने स्वाभाविक प्रक्रिया नै हो । एकीकरणको सबै मोडालिटी टुंगो लागिसकेपछि समाजवादी पार्टी आफै सरकार छोडेर आउछ । एकीकरण टुंगो लाग्नुभन्दा पहिला समाजवादी पार्टी सरकारबाट बाहिर आउछन् भन्ने कुरामा स्पष्ट छ । यसमा शंका गर्ने ठाउ छैन ।

पहिला एकीकरणको प्रक्रिया टुंगो लगाऔं र जब एकीकरणको तिथिमिति घोषणा हुन्छ, त्यसपछि समाजवादी पार्टी आफै सरकार छोडेर बाहिर आउछ भन्ने हामीलाई विश्वास छ । यसका लागि हामीले दबाव दिनुपर्ने अवस्था छैन । समाजवादी पार्टीका नेताहरूले आफै भनिरहेका छन् कि अब सैद्धान्तिरूपमा सरकारमा बसिरहन उपयुक्त छैन ।

राजपा नेपाल सरकारमा सहभागी हुने सम्भावना नै छैन । किनभने यो सरकार गठनकै बेला हामीलाई आश्वासन दिइएको थियो कि दुई तिहाईको जग बलियो भयो भने संविधान संशोधनका मुद्दाहरू सम्बोधन हुन्छ । संविधान संशोधन गरेर मधेश र मधेशी जनताको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको थियो । त्यही आश्वासनको भरमा राजपाले बिना शर्त केपी ओली नेतृत्वको सरकारलाई मत दियो । तर, हामीले केपी ओली नेतृत्वको सरकारबाट धोका पायौं । वर्ष दिन बितिसक्दा पनि सरकारले हामीसाग गरेको प्रतिबद्धता पूरा गरेन । त्यसकारणले सरकारमा जाने कुरै छैन । हाम्रो मुख्य माग विभेदकारी संविधानलाई संशोधन गरेर सर्वस्वीकृत बनाउने हो । हामी पहिला पनि सडकमै थियौं र अहिले पनि सडकमै छौं । हामीले सडक र सदनबाट आफ्ना मागहरू पूरा गराउन सरकारलाई दबाव दिइरहेकै छौं । अब घन्घोर आन्दोलनको माध्यमबाट विभेदकारी संविधानलाई संशोधन गराएरै छाड्छौं ।

सरकारसाग धेरै संयन्त्रहरू हुन्छन्, तर सरकारको नियत सफा छैन । सरकारको नियत सफा भइदिएको भए कमसेकम एउटा टास्कफोर्स त बनाउथ्यो । टास्कफोर्स बनाएर संविधानका कुन-कुन धारा विभेदकारी छन्, ती धाराहरूलाई इंगित गरेर होमवर्क गर्नुपर्दथ्यो । त्यो पनि गर्न सकेको छैन । त्यसकारणले राजपाले हतारमा सरकारबाट समर्थन फिर्ता लियो भन्ने कुरा नै छैन । सरकारले जे-जे गर्छ त्यसमा मौन समर्थन दिएर राजपा बस्न सक्दैन । त्यसकारणले, जब हामीले सरकारले नियतमा खोट देख्यौं अनि हामीले समर्थन फिर्ता लियौं ।

हाम्रो आन्दोलनका मूल एजेन्डा संविधान संशोधन नै हो । त्यसपछि संघीयता कार्यान्वयन मा जहा-जहा केन्द्रीय सरकारबाट बाधा अवरोध भइरहेको छ, त्यसको विरूद्धमा संघर्ष हुनेछ । सफल संघीयताको सफल कार्यान्वयन होस् भन्ने हामी चाहन्छौं । यहाका सत्ता सञ्चालकहरू चाहादैनन् कि संघीयता यो देशमा रहिरहोस् । उनीहरू केन्द्रीकृत शक्ति चाहन्छन् तर हामी विकेन्द्रिकृत शासन सत्ता चाहन्छौं । त्यसको मार्ग संघीयता नै हो । त्यसकारणले सफल संघीयता कार्यान्यनका लागि हामीले आन्दोलन गर्नुपर्ने छ । (मधेश दर्पण फिचर सेवा)

घुम्रपान र मद्यपान आजै देखि त्यागौ र निरोगी रहौ ।

स्वास्थ्य

क्या है हाई प्रोटीन मैनकई डकवीड्स, सूपरफूडसे करें डाइविटिज कंट्रोल

अनिता शर्मा

असल में मैनकई, डकवीड्स या एक जलिय पौधा है. यह पानी की उपरी सतह पर होता है और काई के रूप में देखा जाता है. डकवीड्स को पानी के लेंस के नाम से भी जाना जाता है. यह जलीय पौधा ताजे पानी और आर्द्रभूमि, ठहरे हुए पानी या हल्के बहाव वाले पानी के स्रोतों में पाया जाता है. डकवीड्स को बैरोट के नाम से भी जाना जाता है.

यह सुपरफुड मधुमेह के रोगियोंके लिए फायदेमंद है.

यह 'सुपरफुड' ब्लड शुगर के स्तर को कंट्रोल करता हैयह पानी के लेंस के रूप में भी जाना जाता है. डकवीड्स एक पत्तेदार जलीय पौधा है.

भोजन की दुनिया में क्विनोआ, ओट्स और केल जैसे सुपरफूड्स मौजूद है. इन आहारों में फल उच्च पोषण मूल्य होता है, इसलिए ही इन्हें सुपरफूड कहा जाता है. उनमें तकरीबन सभी जरूरी पोषक तत्व होते हैं. इसके साथ ही और ज्यादा सुपरफूड सामने आ रहे हैं और उनके विभिन्न स्वास्थ्य लाभों के लिए पहचाने जा रहा है. हाल ही में जो एक सुपरफूड सामने आया है वह है, मैनकई, डकवीड्स या डकवाइड यह पानी के लेंस के रूप में भी जाना जाता है, डकवीड्स एक पत्तेदार जलीय पौधा है जो पानी की सतहों के ऊपर पाया जाता है, और दक्षिण पूर्व एशिया में एक आम खाद्य उत्पाद बन गया है. बेनगुरियन यूनिवर्सिटी आफ द नेगेव (बीजीयू), इजरायल ने हाल ही में ओवरआल हेल्थ पर डकवीड के प्रभावों का अध्ययन किया और पाया कि यह नया 'सुपरफूड' ग्लाइसेमिक नियंत्रण प्रदान करके रक्त शर्करा यानी ब्लड शुगर के स्तर को कंट्रोल करता है. इतना ही नहीं मैनकई या डकवीड्स के कई फायदे और होते हैं. यह आपकी फूड क्रेविंग को भी कंट्रोल करता है.

मैनकई या डकवीड्स में हाईप्रोटीन होने के चलते डकवीड को कुछ क्षेत्रों में 'वनस्पति मीटबाल' के रूप में भी जाना जाता है.

डायबटीज से जुडे झूठ, जिन्हें सच मानते आए हैं आप

क्या है मैनकई, डकवीड्स या डकवाइड

असल में मैनकई, डकवीड्स या डकवाइड एक जलीय पौधा है. यह पानी की उपरी सतह पर होता है और काई के रूप में देखा जाता है. डकवीड्स को पानी के लेंस के नाम से भी जाना जाता है. यह जलीय पौधा ताजे पानी और आर्द्रभूमि, ठहरे हुए पानी या हल्के बहाव वाले पानी के स्रोतों में पाया जाता है. डकवीड्स को बैरोट के नाम से भी जाना जाता है.

शोध के निष्कर्षों को अमेरिकन डायबिटीज एसोसिएशन, डायबिटीज केयर की जर्नल पत्रिका में प्रकाशित किया गया. इसका उद्देश्य एक आइसो कार्बोहाइड्रेट र प्रोटीन र कैलोरी डेयरी र योगर्ट शेक के साथ मैनकाई शेक की ग्लाइसेमिक प्रतिक्रिया की तुलना करना था.

डायबिटीज कैसे कंट्रोल करें, बदलते मौसम में ब्लड शुगर लेवल कैसे ठीक होगा

अध्ययन के लिए, ५१ वर्ष की आयु से ऊपर के २० प्रतिभागियों को अपने रात के भोजन को या तो हरे रंग की मैनकई शेक या दही शेक के साथ बदलने के लिए कहा गया. नई आहार व्यवस्था के असर को समझने के लिए दो सप्ताह के लिए एक ग्लूकोज निगरानी प्रणाली का उपयोग किया गया था. यह पाया गया कि जिन प्रतिभागियों ने मैनकई शेक पर स्विच किया, उन्होंने एक बेहतर प्रतिक्रिया दिखाई और तेजी से रक्त शर्करा के स्तर निम्न रक्त शर्करा के स्तर में सुधार, बाद में पीक समय और ग्लूकोज की तेजी से निकासी में सुधार हुआ. वे अपने भोजन के बाद पेट भरा हुआ महसूस करते थे, उन प्रतिभागियों की तुलना में जो दही ले रहे थे.

अध्ययन ने निर्धारित किया कि मैनकई डकवीड्स का उपयोग मधुमेह की देखभाल के लिए एक शक्तिशाली सब्सटट्यिूट प्लान प्रोटीन का स्रोत है, जो वजन घटाने के लिए, विशेष रूप से शाकाहारी भोजन में बेहद कारगर साबित हो सकता है.

मैनकई डकवाइड या डकवीड्स के पोषक तत्व और फायदे

मैनकई डकवाइड में बहुत से पोषक तत्वों का मेल दखी. इसमें उतने ही प्रोटीन होते हैं, जितने अंडे में पाए जाते हैं, और सभी नौ जरूरी अमीनो एसिड भी. डाइटरी फाइबर, विटामिन ए, विटामिन बी कांम्प्लेक्स और विटामिन बी १२ और लोहे और जस्ता जैसे महत्वपूर्ण खनिजों से यह भरपूर है.

डकवाइड अपनी इन पोषक तत्वों के चलते डायबिटीज, वजन कम करने के लिए भोजन और डाइट करने वालों के लिए एक नया और बेहतर आप्शन है.

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

प्रहरीद्धारा अबैध मदिरा र भाडाकुडा नियन्त्रणमा

विराटनगर । जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं.१२ स्थित बखरी टोलका बिभिन्न घरहरूको तलासी गर्ने क्रममा अवैध रूपमा लुकाई छिपाई राखेको मदिरा प्रहरीले नियन्त्रणमा लिएको छ ।

लुकाई छिपाई राखेको भन्ने प्राप्त सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक राज कुमार खिउंजुको नेतृत्वमा वडा प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक बेद प्रसाद गौतम लगायतका अन्य प्रहरी अधिकृत तथा जवानहरुको समन्वय तथा सहकार्यमा सो मदिरा नियन्त्रणमा लिएको हो ।

उक्त एरियाको तलासी गर्दा जगदिश कामत, सजन कामत, रामचन्द्र यादव समेतका मानिसहरुको घर तलासी गर्दा घरेलु मदिरा, मदिरा बनाउने कच्चा पदार्थ तथा बिभिन्न सामानहरू बरामद भएको थियो ।

बरामद भएका समान हरुमा २ सय लिटरको निलो प्लाष्टिको ड्रम थान २, मदिरा ४ सय लिटर, सानो मध्यम ६० लिटरको प्लाष्टिकको ड्रम थान ६४ मदिरा ४ लिटर, सानो १५ लिटरको प्लाष्टिकको ड्रम थान १५ मदिरा २ सय २५ लिटर जम्मा ४ हजार ४ सय ६५ लिटर मदिरा बरामद गरिएको थियो ।

त्यसै गरी मदिरा बनाउन प्रयोग हुने ठुलो भांडा २८ थान, सानो भाडा २० थान र चुलो २ थान रहेको छ ।

घरेलु मदिरा नियन्त्रण लिने क्रममै जिल्ला मोरङ बेलबारी नगर पालिका वडा नं.स्थित ईलाका प्रहरी कार्यालय बेलबारी अगाडी चेकजाँच गर्ने क्रममा काकरभिट्टाबाट बिराटनगरतर्फ आई रहेको को १ ख ४१८६ नं.को मातृभूमी सुपर डिलक्समा लुकाई छिपाई ल्याएको घरेलु मदिरा (रक्सी) अन्दाजी ४ सय ४० लिटर बरामद गरिएको छ

बस चालक जिल्ला झापा दमक-२ बस्ने कमल बहादुर दर्जीलाई बस सहित आवश्यक कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय विराटनगरमा बुझाएको छ ।

गाडीको ठक्कर र रुखले किचेर एक-एक जनाको मृत्यु

विराटनगर । सवारी चालकको लापार्वाहीले गाडीको ठक्करवाट एक साईकल यात्रीको मृत्यु भएको छ भने रुखले किचेर एक जना पैदल यात्रीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सो कार्यालयको अनुसार विराटनगर महानगर पालिका वडा नं. ५ बरगाछी नजिक कोशी राजमार्गमा उत्तरबाट दक्षिण तर्फ जादै गरेको एन एल १ एल ५१३५ नं. को कन्टेनर गाडीले भित्री बाटोवाट निस्किदै गरेको साइकल यात्रीलाई ठक्कर दिदा मृत्यु भएको थियो ।

मृत्यु हुनेमा विराटनगर महानगर पालिका वडा नं. १ का स्वेता सहनी घाईते भई उपचारको क्रममा श्रावन २३ गते विराट नर्सिङहोममा मृत्यु भएको थियो । गाडी चालक भारत विहार भागलपुरका मो. सम्सुल र साईकल जिल्ला प्रहरी कार्यालय मोरंगले नियन्त्रणमा लिई आवश्यक

वांकी अन्तिम पेजमा...

विजय कुमार मण्डल द्धारा सम्पादीत बहुभाषी पत्रिका हिपमत तरंग साप्ताहिक चाडैं बजारमा आउँदैछ ।

नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

दुहवी नगर पालिकाको कार्यालय
दुहवी सुनसरी

महिला...

नारी सुखका विषयमा अझै धेरै अन्योल छ । आफैंमा अल्झिइन्छ ।

एउटी शहरिया नारी घरभित्र सहनशीला, सुशीलाको परिभाषामा पर्छे । गाडी चढेर अफिस जान्छे । हाकिम रिझाउाछे । उसको श्रीमान सुखी पुरुष ।

ती सुखी महिलाको कामधन्दा भन्दा पनि घरमा श्रीमानको र अफिसमा हाकिमको स्याहार-सुसारमा नै घरको रोजीरोटी चल्छ । कार्यालय र घरवीच तारतम्य मिलाई दोहोरो च्यापमा परेका सुखी पुरुषका सुखी देखिएका यस्ता श्रीमतीहरु यत्रतत्र देखिन्छन् ।

नारीको हकहितको कुरा जब आउाछ, पुरुष मित्रहरु खहरे सरी प्रश्न तेर्साउनुहुन्छ, नारीको शत्रु नारी हो, नारीलाई नारीले नै अत्याचार गरी रहेका छ । पहिले बिहे भएको थाहा हुादाहुादै भित्रिने पनि नारी नै हुन् । बुहारीलाई दु:ख दिने सासू, नन्द, आमाजू र सासूलाई दुख दिने बुहारी पनि नारी नै हुन् आदि ।

कतिपय नारी चाइनिज क्यालेण्डर हेरेर गर्भ बसाउँछन् वा बारबार गर्भपतनको गरी घोर्ले छोरो जन्माएर स्वस्थानी ब्रत गरी साली नदीमा नुहाउन पुग्छन् । ब्रतको महिमाको प्रचार-प्रसार गरी त्यसरी नै छोरा जन्माउन अरुलाई पनि हौस्याउाछन् । उता बुढीआमा नातिले अब स्वर्गको ढोका उघारिदियो भनी गडकिन्छिन् । सुखी भएको अनुभुति गर्छिन् । यी नारी भए पनि पितृसत्ताका पृष्ठपोषक होइन र ?

अर्काथरी नारीहरु ज्योतिष र टुनामुनाको सहायता नलिई एक पाइला पनि सार्दैनन् । सबैलाई काबुमा राख्न यही सजिलो अस्त्र हो भनी मान्छन् । अहोरात्र त्यसैका पछि दौडिरहन्छन् ।

कोही पुरुष श्रीमतीलाई नामकी महारानी बनाउाछन, बोलाउँछन् । तर, हैसियत दासीको दिन्छन् । तर हाम्रो समाजमा कति पितृसत्ता नबोकेएका पुरुषहरु पनि अपवादको रुपमा पाइन्छ ।

साधारणतया समाजको नजरमा दु:खी नारी पनि थुप्रै छन् । प्राय : श्रीमान र परिवारले हेला गरेका, एकल महिला, श्रीमानले दोस्री, तेस्री भित्र्याएका, कमाइ तथा सम्पति नभएका, समाजले तिरष्कार गरिएका, परिवारले बहिष्कार गरेका ।

कतिपयको नजरमा अर्कातिर दु:खी पुरुषहरु ती हुन् जो कमाइको साथै घर परिवार, श्रीमतीलाई घरधन्दामा सहयोग गर्छन्, साथीभाइसँग जतिबेला मन लाग्यो, उतिबेला बरालिन पाउादैनन् । छोराछोरीको हेरचाहमा श्रीमतीलाई सघाउनुपर्ने बाध्यतामा छन् । नातागोता र इष्टभित्रको स्वागत-सत्कारमा श्रीमतीसागै खटिनुपरेको छ, आदि ।

तर, यस्ता पुरुषका श्रीमतीहरु चाहिा सुखी महिलाको परिभाषाभित्र पर्छन् । दु:खी महिलालाई प्राय: समाजमा सहानुभुति र हेयको भावमा हेरिन्छ । तर, यस्ता दु:खी पुरुषको त जोइठिङ्ग, फरिया लाएको जस्ता नामाकरणसहित उपहास नै गरिन्छ । सायद, यसैका कारण पनि होला कतिपय पुरुषहरु पितृसत्ता सोचबाट निस्कन हच्किन्छन् र सुखी पुरुषको परिभाषामा अटाउन चाहन्छन् ।

जति दु:खी हुँदा पनि सहनशीलाका पाठ नबिर्सी दत्तचित्त भई अन्याय सहेकालाई चाहिँ तारिफ गरिन्छ । फलानीले घर गरी, पृथ्वी भै घर धानी भनी बेलाबेलामा अरुलाई पनि हौंस्याउने र आफू पनि हौसिने गरेका उदाहरण प्रशस्त छन् । तर, पढेलेखेका वा जाने बुझेका तर आत्मसम्मान, आत्मवल गुमाएका, हीन भावनाले ग्रसित भएका नारी पो दु:खी हुन नि, होइन र ?

कोही लाञ्छनाको सिकार भएका । तर, प्रतिकार गर्न आाट नभएका । कोही प्रतिकार गरेका, तर सुनाइ नहुँदा छिट्टै हतासिएका । अनि, आफूसाग आएका चुनौतीहरुलाई सहज नलिएका वा चुनौती पनि अवसर हुन सक्छन् भनी नमानेका नारीहरु पो दु:खी नारी हुनुपर्ने हो कि ?

आजको युगमा पनि उही भौतिक सुखका लागि मात्र सुखी बन्नुभन्दा पनि एउटी नारीले परिवार, समाज र समग्र देशको हितमा काम गर्न सक्छु भनी आाट र सहास देखाउन जरुरी छ । दु:ख र सुखको परिभाषालाई समय, काल र परिस्थितिअनुसार हामी नारी आफैंले निर्धारण गर्नुपर्छ ।

आखिर, सुख र दु:खको परिभाषा आफ्नै हो र आफ्नै लागि हो । त्यसैले अब महिला र पुरुषको सुख र दु:खको परिभाषा बदल्ने बेला भएन र ? समयसापेक्ष बदलिनु र परिभाषित हुनु समयको माग पनि हो ।

विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।
३. घरबाट निस्कने जैविक (कुहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर ब्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- (हप्ताको ७ पटक संकलन हूने गरी) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं ।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाख्रा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं ।
 १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
 २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
 ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

अन्य समस्या भएमा

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०